नेपाल चिकित्सक संघ

Nepal Medical Association

Founded: 20 Falgun 2007(4th March 1951)

KTM, CDO Regd. No. 07/043/44

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)


पत्र संख्या : २०७८।नेचिसं। च.नं.....
मिति: २०७८ वैशाख १३ गते


**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


## प्रेश विज्ञप्ती

कोरोना भाईरस सङ्क्रमणको दोस्रो लहरका बीच नेपालका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा सघन उपचार शैया, औषधी र अक्सिजनको अभावका कारण मृत्यु हुनेहरूको संख्या दिनप्रतिदिन बढ्दै गईरहेको, बालबालिका तथा युवा अवस्थाका नागरिकहरु समेत बढी मात्रामा संक्रमित भईरहेको दु:खद परिस्थितिप्रति नेपाल चिकित्सक संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

हालको नयाँ भेरियन्ट छिटो रुपमा फैलिने, बढी मात्रामा बालबालिकाहरुलाई समेत संक्रमण गरिरहेको परिवेशलाई ध्यानमा राख्दै व्यक्तिगत सुरक्षाका उपायहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु हुन नेपाल चिकित्सक संघ सबैमा हार्दिक अपिल गर्दछ । कुनै कुनै भेरियन्टलाई भ्याक्सिनले समेत पर्याप्त मात्रामा काम नगर्ने सम्भावना देखिएको हुनाले अझ बढी सर्तकता र सावधानी अपनाउनु नै बिकल्पको उपाय भएको नेपाल चिकित्सक संघको ठहर छ ।

विद्यमान अवस्थामा सबैले मिलेर यस सेकेण्ड वेभको सामना गर्नका निम्ती अझ धेरै होसियारी र सजग भई यसको सामना गर्नु पर्ने परिस्थिति देखिएको छ । मुख्य रुपमा नेपाल सरकार, सर्वसाधारण नागरिक एवं चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले अपनाउनु पर्ने बुँदाहरु निम्न बमोजिम रहेका छन् ।

### नेपाल सरकारले संबोधन गर्नु पर्ने बुँदाहरु

१) नेपालमा पनि सेकेण्ड वेभ आईसकेर कोभिडको नयाँ भेरियन्ट प्रमाणित समेत भई धेरै नागरिकहरुले मृत्युवरण गर्नु परिरहेको परिस्थितिलाई गम्भीर रुपमा लिदै दिन प्रतिदिन संक्रमितको संख्या बढ्दै गएको, स्वास्थ्यकर्मी तथा चिकित्सकहरु नै संक्रमित भएको तथा अस्पतालका बेडहरु समेत कोभिड -१९ का कारण विरामीहरुले भरिएकाले नेपाल सरकारले अबिलम्ब बढी संक्रमित भएका जिल्लाहरुमा Medical Emergency घोषणा गरि बन्दा बन्दी गर्दै नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज बनाउनु पर्ने ।

२) सरकारी अस्पताल, मेडिकल कलेज तथा निजि अस्पतालहरुसंग समन्वय गरि Elective Surgery तथा नियमित स्वास्थ्य परिक्षणलाई बन्द गर्दै COVID 19 को उपचारमा अस्पतालका वार्डलाई प्रयोग गर्नु पर्ने साथै अस्पतालमा बेड अक्सिजन र HDU को संख्या तुरुन्त थप गर्नुपर्ने ।

३) COVID अस्पताल घोषणा गरि संक्रमितहरुलाई छुट्टै उपचार गर्नु पर्ने ।

४) स्वास्थ्य संस्थालाई भौतिक तथा प्राविधिक रुपमा सबल र सक्षम बनाउनु पर्ने साथै कोभिड-१९ को उपचारमा प्रयोग हुने सामग्रीहरुको सहज उपलब्धता गराउनु पर्ने ।

५) कोभिडमा काम गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको स्वास्थ्यको जिम्मा नेपाल सरकारले लिने र घोषणा गरिएको जोखिम भत्ता तथा बीमालाई प्रभावकारी रुपमा लागू गरिनु पर्ने ।

६) सार्वजनिक स्थानहरुमा स्वास्थ्यका मापदण्डको पालनालाई कडाईका साथ लागू गर्नु पर्ने र भिडभाड हुने स्थान र जोखिमयुक्त क्षेत्रहरु बन्द गर्नु पर्ने ।

७) फ्रन्टलाईनमा काम गर्ने स्वास्थ्यकर्मी एवम चिकित्सकहरु COVID-19 बिरुद्धको खोपबाट अझै पनि बन्चित रहेको हूँदा COVID-19 बिरुद्धको खोप यथाशिघ्र उपलब्ध गराउनु पर्ने ।


Phone No. +977-1-4225860, 4231825 ,Fax No. +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org.np

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


८) चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको दरबन्दी न्यून भएको हुनाले सो दरबन्दी तुरुन्त थप गर्नु पर्ने र चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने PPE र COVID-19 सम्बन्धि Training दिनु पर्ने ।

९) COVID-19 को दोश्रो वेब समुदायमा पनि फैलिसकेको हुनाले Positive देखिएका केसहरुका Contract Tracing गरि टेस्टको दयारा बढाउनु पर्ने र Hotspot भएको ठाँउहरुमा फ्री RT-PCR गरि Positive देखिएका केसहरुलाई आइसोलेसनको उचित व्यवस्था मिलाउनु पर्ने ।

१०) COVID-19 आइसकेपछि सुरु गरिएका स्वास्थ्यका कार्यक्रम तथा योजनाहरु यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने ।

११) दिर्घ रोगका उपचारमा रहेका बिरामीहरुको सहज उपचारका लागि छुट्टै उपचारको व्यवस्था गर्नुपर्ने ।

**सर्व साधारण नागरिकहरुका लागि**

१) बाहिर निस्कँदा मास्कको प्रयोग गर्ने ,साबुन पानी वा सेनिटाइजरले हात धुने र बालबालिकाहरु तथा परिवारका अन्य सदस्यहरुलाई पनि मास्कको उचित प्रयोग गर्न लगाउने ।

२) भिडभाड नगर्ने तथा भिडभाड भएको स्थानमा नजाने, भोज भतेर तथा पार्टीहरुमा नेपाल सरकारको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने ।

३) आफ्नो पालो अनुसार कोभिड-१९ का बिरुद्ध भ्याक्सिन लिने र सुरक्षाका उपायहरु नियमित रुपमा प्रयोग गर्ने ।

४) कोभिड-१९ बाट संक्रमित व्यक्तिको सर्म्पकमा आएको अवस्थामा सतर्कता अपनाई आइशोलेसनमा बस्ने ।

५) ज्वरो, रुघाखोकी अथवा सास फेर्न कठिनाई भएको अवस्थामा तुरुन्त कोभिडको परीक्षण गराई उपयुक्त उपचार गर्ने गराउने ।

**चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि**

१) स्वास्थ्यका मापदण्ड अनिवार्य रुपमा अपनाएर , सुरक्षाका सामग्रीहरु सहि ढंगबाट प्रयोग गरी आफु सुरक्षित रही आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीका साथ काम गर्न गराउनु पर्ने ।

२) चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले कोभिड भेरियन्टको बारेमा आम नागरिकलाई सुसुचित गराउनका लागि आ आफ्नो ठाउँबाट आवश्यक पहल गर्ने ।

नेपाल सरकारले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई क्षमतावान बनाउनु पर्ने अत्यन्त जरुरी अवस्थालाई समेत नजरअन्दाज गरेको अवस्थामा समेत हामी सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले आफ्नो ज्यानको सुरक्षाका निम्ती सजगता अपनाउँदै नागरिकहरुको स्वास्थ्य सेवा प्रवाहमा खटिन यस संघ सबैमा हार्दिक अपिल गर्दछ ।

भवदीय,

डा. बद्री रिजाल
महासचिव

डा. लोचन कार्की
अध्यक्ष